# स्थानीय राजपत्र

## चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

### लैङ्गिक हिंसा निवारण कोष सञ्चालन
### कार्यविधि - २०७७

खण्ड ४) शान्तिपुर, गुल्मी, संख्या ३, कार्तिक/२८/२०७७ साल

भाग - २
चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको सूचना

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिम सर्वसाधारणका जानकारीको लागि प्रकाशन गरिएको छ।

**७. समितिको गठन :**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक स्थानीय राहत तथा उद्दार समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) स्थानीय प्रहरी चौकीको प्रमुख - सदस्य

(घ) सामाजिक विकास शाखा प्रमुख - सदस्य

(ङ) प्रशासन/योजना शाखा प्रमुख - सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(छ) महिला बालबालिका शाखा हेर्ने कर्मचारी - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ।

(४) समितिको सचिवालय कार्यालयमा रहनेछ।

**८. समितिको काम, कर्तव्य र अधिकार :-**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा चन्द्रकोट गाउँपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने।

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने।

(ग) सचिवालयको काम कारबाहीको अनुगमन गर्ने वा गराउने।



**प्रस्तावना :**

समाजमा बढ्दै गइरहेको लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्ने वाञ्छनीय देखिएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी चन्द्रकोट गाउँपालिकाले यो कोष सञ्चालन कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले चन्द्रकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(घ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ७ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

**३. कोषको स्थापना :**

(१) लैङ्गिक हिंसा निवारणका लागि स्थानीय राहत तथा उद्दार कोष नामको एक कोष स्थापना गरिएको छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) चन्द्रकोट गाउँपालिकाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघसंस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

**४. कोषमा रकम जम्मा गर्ने :**

महिला हक हितको संरक्षणका लागि गाउँपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ।

**५. कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्दार गर्न,

(ख) औषधी उपचार गर्न,



(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुर्नस्थापना गराउन,

(छ) पीडितको लागि समितिले तोके बमोजिमको अन्य काममा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

**११. कोषलाई रकम उपलब्ध गराउने :**

पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि गाउँपालिकाले प्रत्येक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव देखिएको कारण देखाई अनुसूची - १ मा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले दफा (९) को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्दार, औषधी उपचार, पुनस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षती हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनका लागि कोषबाट रु. १०,०००।- (अक्षरुपी दश हजार रुपैयाँ) मा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।



(घ) गाउँपालिकाभित्र घटेका लैङ्गिक हिंसा सम्बन्धि घटनाको अभिलेख अद्यावधिक गर्ने।

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने।

(च) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने।

(छ) लैङ्गिक हिंसा निवारण सम्बन्धि अन्य काम गर्ने वा गराउने।

(ज) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने।

**९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने आधारहरु :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन दुई सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन दुईसय पचास रुपैयाँको दरले बढीमा तीन हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन दुई सय रुपैयाँ,

अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन दुई सय पचास रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा दुई हजार रुपैयाँ,

(ग) कानूनी सहायता, मनोवैज्ञानीक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैयाँ,

(ङ) पुर्नस्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमकको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँ नबढ्ने गरी मनासिव रकम थप गरिदिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल बाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।



**१०. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

(९) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**१४. थप रकम निकासा माग गर्न सक्ने :**

(१) समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सो को कारण खुलाई समितिसँग थप रकम माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा समितिले कार्यालयको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ।

**१५. छुट्टै खाता खोल्नु पर्ने :**

(१) कार्यालयले समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

**१६. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१७. आवर्ति (रभल्भीङ) कोष :**

यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ।

**१८. प्रतिवेदन पेश गर्ने :**

(१) समितिले प्रत्येक ६ महिनामा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ।

**१९. बैठक भत्ता** : समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन्।

**२०. निर्देशन दिन सक्ने :**

(१) कार्यपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**२१. बाधा अड्काउ फुकाउने :**

यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ।

**२२. खारेजी र बचाउ :**

यस कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।



**अनुसूची - १**

**(दफा १२ सँग सम्बन्धित)**

विषय : सहयोग उपलब्ध गराई पाउँ।

श्री अध्यक्ष ज्यू,
स्थानीय उद्दार तथा राहत समिति
चन्द्रकोट गाउँपालिका, गुल्मी।

म .................. मा बस्ने वर्ष .................. को ........................ मिति ................. मा लैङ्गिक हिंसाबाट पीडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। म उपर लैङ्गिक हिंसा (...........................) भएको कारणले मेरो मानसिक/ शारीरिक/ सामाजिक अवस्था कम... हुनाले मलाई औषधि उपचार/कानु... मनोविमर्श/ स्वरोजगार/ पुनस्थाप... लागि सहयोगको आवश्यकता परेको ... कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेशन पेश गरेको छु।

आज्ञाले,
अनन्तपाणि मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

निवेदकको :-
नाम, थर :
ठेगाना :
दस्तखत :
मिति :